# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले २०७४ असार २ गते पोखरामा ओम डेभलपमेन्ट बैंक लिमिटेड र मनास्लु विकास बैंक लिमिटेड एक आपसमा गाभिएपश्चात् बनेको ओम डेभलपमेन्ट बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।



कार्यक्रममा गभर्नर डा. नेपालले पूँजी बृद्धि एउटा रहरले नभई विभिन्न अनुसन्धान र अध्ययनपश्चात् मात्र ल्याइएको कुरा खुलासा गर्नुभयो । वित्तीय संस्थाहरु सबल र सक्षम बनुन र ठूला परियोजनाहरुमा सजिलैसँग लगानी गर्न सकुन भन्ने हेतुले विगतमा पूँजी बृद्धिको नीति लिइएको कुरा बताउनु भयो । वित्तीय संस्थाहरुको पूँजी कम भएको कारण ठूला परियोजनाहरुमा लगानी गर्न धेरै वित्तीय संस्थाहरु मिलेर लगानी गर्नु पर्ने अवस्था विगतमा रहेको स्मरण गराउँदै धेरै संस्थाहरुलाई राम्रो हुने कार्यहरू गर्दा केहीलाई नराम्रो हुन्छ भने त्यसलाई हामीले आत्मसात गरी परिपालना गर्नु पर्छ भन्ने भनाइ उहाँले राख्नुभयो ।

बैंक तथा वित्तीय संस्थाहरु केन्द्रमा मात्र सीमित नरही वित्तीय पहुँचबाट बञ्चित ग्रामीण क्षेत्रमा शाखा विस्तार गरी त्यस क्षेत्रमा रहेका वित्तीय स्रोत र साधनलाई कसरी बचत गर्न सकिन्छ भन्ने ज्ञान अभिबृद्धि गरी वित्तीय सचेतना जगाउनेतर्फ बैंक तथा वित्तीय संस्था लाग्नु पर्नेमा जोड दिनु भयो । नेपाल राष्ट्र बैंकले मुलुकको आर्थिक क्षेत्रको गतिविधिलाई सुदृढ र सबलीकरणका आधारमा नीति नियमहरु बनाउने गरेको जानकारी दिँदै उहाँले सर्वसाधारणको निक्षेपको समुचित उपयोग गर्न बैंकर्सहरुसँग आग्रह गर्नु भयो ।

विनासकारी भूकम्पबाट देशमा ठूलो मात्रामा क्षति भएतापनि सर्वसाधारण जनता विचलित नभई आफुसँग रहेको रकम बैंक तथा वित्तीय संस्थाहरुमा ठूलो मात्रामा जम्मा हुन आउनु एउटा सह्राहनीय कुरा रहेको कुरा स्मरण गराउँनु हुँदै जनताको पैसाको संरक्षक भई कार्य गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई गभर्नर डा. नेपालले आग्रह गर्नु भयो ।

बैंक तथा वित्तीय संस्थाहरुका प्रमुख कार्यकारी अधिकृतलाई नाफामुखी मात्र बनाउन सञ्चालकहरुले दबाब दिन नहुने सो समारोहमा गभर्नर डा. नेपालले सुझाउनु भयो ।

नेपाल राष्ट्र बैंकले मुलुकमा रहेका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग वित्तीय क्षेत्रसँग सम्बन्धित कार्यहरुमा समन्वय र सद्भावको आधारमा एउटा ग्लोबल भिलेजको रुपमा कार्य गरिरहेको हुन्छ भन्ने कुराको जानकारी गभर्नर डा. नेपालले गराउनु भयो ।

नेपालले हाल ६.९ प्रतिशत आर्थिक वृद्धि हासिल गरेकोमा विश्वका कतिपय देशहरुले प्रसंशा गरेकाले हामी नेपालीहरू सबै खुसी रहनु पर्ने कुरा बताउनु भयो । स्थानीय तहको निर्वाचन पश्चात् भएका बजेट विनियोजनले स्थानीय आर्थिक बृद्धिका साथै मुलुकको आर्थिक वृद्धिमा महत्त्वपुर्ण भूमिका खेल्ने कुरा गभर्नर डा. नेपालले बताउनु भयो ।




समारोहमा नेपाल राष्ट्र बैंकका अधिकृतहरू, डेभलपमेन्ट बैंकर्स संघका पदाधिकारीहरू लगायत विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू, पत्रकारहरू र सरोकारवालाहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।